नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
# संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय
कास्की

पत्र संख्याः

चलानी नं.:

विषय : गोलीया काठ र दाउरा (जर्ना) वोलपत्रद्वारा लिलाम बिक्रीको सूचना सम्वन्धमा ।

प्रथम पटक प्रकाशित मिति २०८३/०३/२९ (सूचना नं. ०१/२०८२/०८३)

श्री डिभिजन वन कार्यालय, तनहुँको कटान च.नं. ९६४, मिति २०८२/०९/२३ को कटान आदेश अनुसार महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय, सिंहदरवार, काठमान्डौको नाममा दर्ता श्रेस्ता भएको आँबुखैरेनी गा.पा., वडा नं. २, ढकालटार, तनहुँमा रहेको कित्ता नं. १७७,१७९,१८०,१८१,१८२,१८५ र २०३ को जम्मा क्षेत्रफल २८-७-२-३ मा रहेका खोटेसल्ला र सिमल प्रजातीका रूखहरू संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्कीबाट कटान मुछान भै निस्केका तथा डिभिजन वन कार्यालय, तनहुँमा पेश भएको लगत वमोजिमका तपसिलमा उल्लेखित घाटगद्दीमा रहेका काठ तथा दाउरा लिलाम बढाबढ गरी बिक्री गर्नु परेकोले तपसिल बमोजिमको काठ तथा दाउरा जे जस्तो अवस्थामा छ सोहि अवस्थामै आफ्नै खर्चमा उठाई लैजाने गरी लिलाम बिक्रीका लागि यो सूचना प्रकाशन गरिएको छ । ईच्छुक व्यक्ति, संघ-संस्था, फर्म वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र फारम खरिद गरी सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ ।

तपसिल

१. काठ तथा दाउराको विवरण

| वन पैदावार | | | | | | मूल्य | | कै. |
|---|---|---|---|---|---|---|---|---|
| सि.नं. | लट नं. | वन पैदावारको जात | किसिम/ग्रेड | थान | परिमाण क्यू.फि./चट्टा | न्यूनतम मूल्य | कटान तथा लागत खर्च | |
| १. | १ | खोटे सल्ला | गोलिया B ग्रेड | १२३ | ५२२.०० | १,३०,५००.०० | ८८,२१५.०० | |
| | | सिमल | गोलिया | १ | ३१.३६ | ४,७०४.०० | | |
| | | मिश्रित दाउरा | २०'x५'x५' | | २.५९ | १०,३६०.०० | | |
| जम्मा | | | | | | १,४५,५६४.०० | ८८,२१५.०० | |

२. बोलपत्र खरिद, दाखिला वा पेश गर्नु पर्ने अन्तिम मिति, स्थान र समय :-
   क. बोलपत्र खरिद गर्ने समय र मिति : २०८३/०४/१८ गते दिनको ५:०० बजे सम्म ।
   ख. बोलपत्र पेश गर्ने मिति र समय : २०८३/०४/१९ गते दिनको १२:०० बजे सम्म ।
   ग. बोलपत्र खोल्ने मिति र समय : २०८३/०४/१९ गते दिनको २:०० बजे ।
३. बोलपत्र यस संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्की र डिभिजन वन कार्यालय, तनहुँबाट खरिद गर्न सकिनेछ । बोलपत्र दाखिलाको हकमा संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्कीमा गर्नुपर्ने छ ।
४. बोलपत्र फारमको लागि प्रति बोलपत्रको लागी रू १,०००.०० (एक हजार मात्र पछि फिर्ता नहुने गरि) यस कार्यालयको नाममा राष्ट्रिय बाणिज्य बैंङ्क लिमिटेड, पृथ्वीचोक शाखा, कास्कीमा रहेको १०००१००२०००१०००० मा प्रयोजन बोलपत्र खरिद लेखि कार्यालय कोड ३४७०१३९०१, राजश्व शिर्षक १४२२९ मा जम्मा गरेको भौचर बुझाई खरिद गर्न सकिने छ ।
५. बोलपत्र साथ कबुल गरेको रकमको १० प्रतिशतले हुन आउने रकम KA- 2- 3: DHARAUTI A/CKO.LE.NI .KA. कास्कीको धरौटी खाता नं. ३०२०१००१०२०३०००० मा नगद रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्ने छ वा बैंङ्क जमानत धरौटीको रूपमा पेश गरिएमा त्यस्तो जमानत कम्तिमा ६ महिना सम्मको लागि मान्य अवधि हुनुपर्ने छ ।
६. लिलाममा भाग लिन ईच्छुक टेण्डरदाता/प्रतिनिधिले नेपाली नागरिताको प्रमाण पत्र, काष्ठ व्यवसायीको प्रमाण पत्र, मू.अ.कर दर्ता प्रमाण पत्र वा स्थायी लेखा नंम्बर दर्ता प्रमाणपत्रहरूको प्रमाणित प्रतिलिपीहरू, करचुक्ता, वन पैदावारको वन कार्यालयमा सूचिकृत बोलपत्र साथ पेश गर्नु पर्ने छ ।
७. रितपूर्वक पर्न आएका बोलपत्रहरू मिति २०८३/०४/१९ गते दिनको २:०० वजे सम्वन्धित टेण्डरदाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिने छ । टेण्डरदाता उपस्थित नभएमा पनि टेण्डर खोल्न बाधा पर्ने छैन । उल्लेखित समय पछि आएका बोलपत्रलाई लिलाम बढाबढमा समावेश गरिने छैन ।
८. लिलाम स्वीकृत भएको जानकारी प्राप्त भएको १५ दिन भित्र सकार गरेको रकम तथा निर्धारित मू.अ. कर समेत बुझाई लिलाम सकार गरेको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्नेछ ।
९. बोलपत्रमा सकार गरिएको रकम अंक र अक्षर दुवैमा लेख्नु पर्नेछ । अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।
१०. टेण्डर पेश गर्ने र खोल्ने स्थान संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्कीमा हुनेछ ।

कार्यालय प्रमुख

फोन नं.: ०६१-४५३०५८ E-mail: dudbckaski2076@gmail.com, fpiu.kaski@dudbc.gov.np

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय
कास्की

पत्र संख्याः
चलानी नं.:

११. बोलपत्रमा सकार गरिएको रकम तथा निर्धारित मू.अ. कर निर्धारित समय भित्र दाखिला नगरेका वा लिलाम सकारेको वन पैदावार लैजान ईन्कार गरेमा धरौटी स्वरूप दाखिला गरेको १० प्रतिशत रकम जफत गरि नियमानुसार दोस्रो हुने व्यक्ति वा फर्मसंग धरौटी लिई उपरोक्त बमोजिमका सर्तहरूको अधिनमा रहि लिलाम सदर गरिने छ ।

१२. सकारकर्ताबाट काठ तथा दाउराको कटान मुछान खर्च अलग रूपमा जम्मा गर्नु पर्ने छ ।

१३. बोलपत्र सदर गर्ने वा नगर्ने अधिकार सम्वन्धित कार्यालयमा रहने छ ।

१४. अन्य थप जानकारीका लागि संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय, कास्की र डिभिजन वन कार्यालय, तनहुँमा सम्पर्क गर्न सकिने छ ।

१५. यस सूचनामा उल्लेखित कुनै विषयमा कुरा बाझिएमा वा अस्पष्ट भएमा प्रचलित वन ऐन, नियम तथा प्रचलित अन्य कानून बमोजिम हुनेछ ।

नेपाल सरकार
पूर्वाधार विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
संघीय शहरी विकास तथा भवन निर्माण कार्यालय
कास्की, पोखरा

कार्यालय प्रमुख

फोन नं.: ०६१-४५३०५८ E-mail: dudbckaski2076@gmail.com, fpiu.kaski@dudbc.gov.np